# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८१।८२

च.नं. :-

मितिः २०८१।१०।२९

सूचना! सूचना!! सूचना!!!

किस्पाङ गाउँपालिकाको आयोजनामा तपसिलका मिति, स्थान र समयमा दक्ष र अनुभवी चिकित्सक तथा स्वास्थ्यकर्मीहरुद्वारा महिलाहरुको पाठेघरको समस्यासँग सम्बन्धित स्त्री रोग चेकजाँच शिविर संचालन हुने भएकोले मौकाको फाईदा लिनुहुन सबैमा सूचित गरिन्छ।

**शिविरमा उपलब्ध हुने सेवाहरु:**

१. ३० वर्ष देखि ४९ वर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्ने।

२. यदि स्क्रिनिङबाट समस्या पत्ता लागेमा निःशुल्क स्वास्थ्य सेवा।

३. पाठेघर(आङ खस्ने) समस्यामा भएका महिलाहरुको निःशुल्क रिङ पेशरी राख्ने र फेर्ने।

४. पाठेघर झरेर अप्रेसन गर्नुपर्ने अवस्थामा पाईएमा निशुल्क अप्रेसन गर्ने व्यवस्थाको लागि सहजिकरण गरिदिने।

५. फिस्टुला सम्बन्धी चेकजाँच तथा उपचार सेवा।

६. स्त्री रोग सँग सम्बन्धित सम्पूर्ण चेकजाँच, उपचार र परामर्श सेवा।

तपसिलः

| क्र.स. | मिति | स्थान | समय |
|---|---|---|---|
| १ | २०८१।११।०४ | श्री साल्मे स्वास्थ्य चौकी | विहान १०:०० बजेदेखि ४:०० बजेसम्म |
| २ | २०८१।११।०५ | श्री भाल्चे स्वास्थ्य चौकी | |
| ३ | २०८१।११।०६ | श्री काहुले स्वास्थ्य चौकी | |
| ४ | २०८१।११।०८ | श्री फिकुरी स्वास्थ्य चौकी | |
| ५ | २०८१।११।०९ | श्री मनकामना स्वास्थ्य चौकी | |

कसले र कहिले गर्ने?

| स्क्रिनिङ गर्ने विधि | | VIA विधि | HPV-DNA विधि |
|---|---|---|---|
| लक्षित वर्ग | सामान्य अवस्थाको महिलाहरु | ३० देखि ४९ वर्ष उमेरका | ३० वर्ष उमेर माथिका |
| | HIV संक्रमित महिलाहरु | २५ देखि ४९ वर्ष उमेरका | २५ वर्ष उमेर माथिका |
| स्क्रिनिङ अन्तराल | सामान्य अवस्थाको महिलाहरु | हरेक ३ वर्ष | हरेक ५ वर्ष |
| | HIV संक्रमित महिलाहरु | हरेक १ वर्ष | हरेक ३ वर्ष |

- हरेक वर्ष २१६९ जना महिलालाई पाठेघरको मुखको क्यानसर हुन्छ भन्ने अनुमान गरिएको छ।
- हरेक वर्ष १३१३ जना महिलाहरुको पाठेघरको मुखको क्यानसरबाट मृत्यु हुन्छ जसअनुसार औसतमा प्रत्येक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यानसरबाट मृत्यु हुन्छ भन्ने अनुमान गरिएको छ।
- महिलाहरुमा हुने क्यान्सरहरुमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको छ र क्यान्सरबाट महिलाको मृत्यु हुने यो पहिलो मुख्य कारण रहेको छ।

चक्र बहादुर शाही

नि.प्रमुख प्रशासकीय अधिकृत